देवचुली नगरपालिका

# कृषिजन्य सामग्री तथा स्थानीय उत्पादन घुम्ती व्यवसाय सञ्चालन मापदण्ड, २०८२

कार्यपालिका बाट स्वीकृतः २०८२।१०।२१

प्रमाणिकरणः२०८२।१०।२९

## देवचुली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**प्रगतिनगर नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

## कृषिजन्य सामग्री तथा स्थानीय उत्पादन घुम्ती व्यवसाय सञ्चालन मापदण्ड, २०८

### १. प्रस्तावना

देवचुली नगरपालिका भित्रका स्थानीय कृषि उपजको बजारीकरण प्रवर्द्धन गर्न, ग्रामीण क्षेत्रका नागरिकलाई स्वरोजगार बनाउन र मुख्य बजार क्षेत्रको ट्राफिक चापलाई व्यवस्थित गर्दै स्वस्थ तथा ताजा स्थानीय उत्पादन उपभोक्तासम्म पुऱ्याउन यो मापदण्ड जारी गरिएको छ।

### २. अनुमति तथा दर्ता सम्बन्धी व्यवस्था

- **अनिवार्य दर्ता:** नगरपालिकाको वडा कार्यालय बाट अनुमति नलिई कुनै पनि घुम्ती (ठेला, अटो, साईकल) व्यवसाय सञ्चालन गर्न पाइने छैन। व्यवसायिले अनुसूचि १ बमोजिम निवेदन वडा कार्यालयमा पेश गरेपश्चात नगरपालिकाबाट आवश्यक प्रक्रिया पुरा गरी अनुसूचि २ बमोजिमको प्रमाण पत्र उपलब्ध गराईनेछ।
- **योग्यता:** व्यवसायी नेपाली नागरिक हुनुपर्नेछ।
- **प्राथमिकता:** विपन्न, बेरोजगार, महिला, दलित तथा सीमान्तकृत वर्ग र ग्रामीण वडाका बासिन्दालाई विशेष प्राथमिकता दिइनेछ।
- **एक परिवार एक अनुमति:** एउटै परिवारबाट एक जनालाई मात्र अनुमति प्रदान गरिनेछ।
- **नवीकरण:** व्यवसाय अनुमति प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र नवीकरण गराउनु पर्नेछ।

### ३. व्यवसायीको पहिचान र प्रमाणिकरण

- **परिचय पत्र:** व्यवसाय सञ्चालन गर्दा वडा कार्यालयले उपलब्ध गराएको **फोटो सहितको परिचय पत्र** अनिवार्य रूपमा लगाउनु पर्नेछ। परिचय पत्रको अनुसूचि ३ बमोजिम वडा कार्यालय बाट उपलब्ध गराईनेछ।
- **प्रमाण पत्रको प्रदर्शन:** नगरपालिका तथा वडा कार्यालयले तोकेको मापदण्ड र व्यवसायीको विवरण प्रष्ट देखिने गरी ठेला वा सवारी साधनमा **दर्ता प्रमाण पत्र** टाँस्नु पर्नेछ।

### ४. व्यवसाय क्षेत्र र समय

- **निषेधित क्षेत्र:** मुख्य बजार क्षेत्र, राजमार्ग, व्यस्त चोक, विद्यालय, अस्पताल र सार्वजनिक कार्यालयको आसपासमा ठेला वा घुम्ती व्यवसाय राख्न पाइने छैन।
- **अवरोध निषेध:** सार्वजनिक आवागमन, फुटपाथ, नाली र सडक अवरुद्ध हुने गरी ठेला राख्न पाइने छैन।
- **समय:** नगरपालिका तथा वडा कार्यालयले समय तोकेको खण्डमा तोकिएको समयमा मात्र व्यापार गर्नुपर्नेछ।

### ५. बिक्री वितरण गर्न पाइने सामग्रीहरू

- **स्थानीय उत्पादन मात्र:** स्थानीय स्तरमा उत्पादन भएका तरकारी, फलफूल, खाद्यान्न, दुध, दही, आइसक्रिम र अन्य कृषिजन्य उपज मात्र बिक्री गर्न पाइनेछ।
- **स्रोत:** बिक्री गरिने सामग्री आफ्नै उत्पादन वा स्थानीय किसानबाट प्रत्यक्ष खरिद गरिएको हुनुपर्नेछ।
- **निषेध:** आयातित, प्रशोधित (जंक फुड) वा गैर-कृषिजन्य सामग्री बिक्री गर्न पाइने छैन।

### ६. ध्वनि प्रदूषण र वातावरण सम्बन्धी व्यवस्था:

- **माईक प्रयोगमा रोक:** ग्राहक आकर्षित गर्ने बहानामा **माईक, लाउडस्पिकर वा ठूलो आवाज निकाल्ने उपकरण** प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

- **सरसफाई:** ठेला सफा र व्यवस्थित हुनुपर्नेछ। फोहोर व्यवस्थापनका लागि ठेलामा अनिवार्य रूपमा डस्टबिन राख्नुपर्नेछ।
- **गुणस्तर:** सडेगलेका, अखाद्य वा मिसावटयुक्त सामग्री बिक्री गर्न पाइने छैन।

**८. परिचय पत्र सम्बन्धी व्यवस्था:**

नगरभित्रका उद्योगमा उत्पादन भएका दुग्धजन्य पदार्थ , ब्रेड आईटम, तथा अन्य कृषिजन्य सामाग्री डेलिभरी गर्नको लागी सम्बन्धित उद्योगले डेलभरीमा खटिने कर्मचारीको परिचय पत्रको लागी सम्बन्धित वडा कार्यालयमा अनुसूचि ४ बमोजिमको ढाचाँमा नेपाली नागरिकताको प्रमाणपत्र तथा निजको २ प्रति फोटोसहित निवेदन पेश गर्नुपर्नेछ । त्यसरी पेश भएको निवेदनको आधारमा नेपाली कामदारलाई मात्र वडा कार्यालयले अनुसूचि ५ बमोजिम परिचयपत्र उपलब्ध गराउनेछ ।

**७. अनुगमन तथा कारबाही**

नगरपालिका तथा वडा कार्यालयले समय-समयमा आकस्मिक अनुगमन गर्नेछ। मापदण्ड उल्लंघन गरेमा निम्न बमोजिम कारबाही हुनेछ:

- **पहिलो पटक:** चेतावनी र सचेत गराउने ।
- **दोस्रो पटक:** आर्थिक जरिवाना ।
- **तेस्रो पटक वा पटक-पटक उल्लंघन:** व्यवसाय अनुमति रद्द र ठेला जफत।

८. दर्ता तथा नविकरण शुल्क: आर्थिक ऐन तथा राजस्व परामर्श समितिको वा कार्यपालिकमा निर्णय भएको व्यवस्था बमोजिम हुनेछ ।

**९. विविध**

यस मापदण्डमा नसमेटिएका विषयहरू र कार्यान्वयनमा आएका बाधाहरूको निर्णय गर्ने अधिकार देवचुली नगर कार्यपालिकामा सुरक्षित रहनेछ।

घुम्ती व्यवसाय दर्ताका लागि निवेदनको ढाँचा

अनुसूचि १

मितिः २०८/..../....

श्रीमान् वडा अध्यक्ष ज्यू, , वडा नं ................कार्यालय

देवचुली नगरपालिका, नवलपरासी (ब.सु.पू) ।

विषयः घुम्ती व्यवसाय (ठेला/अटो/साईकल) दर्ता गरी पाऊँ।

महोदय, उपरोक्त विषयमा देवचुली नगरपालिकाद्वारा जारी गरिएको "कृषिजन्य सामग्री तथा स्थानीय उत्पादन घुम्ती व्यवसाय सञ्चालन मापदण्ड, २०८२" को अधिनमा रही घुम्ती व्यवसाय सञ्चालन गर्न इच्छुक रहेकाले दर्ताका लागि यो निवेदन पेश गरेको छु । मेरो व्यक्तिगत तथा व्यवसायिक विवरण निम्न बमोजिम रहेको छः

१. व्यवसायीको विवरणः

- नाम/थरः ............................................................
- ठेगानाः देवचुली नगरपालिका, वडा नं.: ........... टोलः ...........................
- नागरिकता नं.: ........................... (नेपाली नागरिक)
- सम्पर्क मोबाइल नं.: ..........................................

२. व्यवसायको विवरणः

- सञ्चालन गरिने साधनको प्रकारः (ठेला / अटो / साईकल) ..........................
- बिक्री गरिने सामग्रीहरूः (स्थानीय उत्पादन मात्र) ............................................
- व्यवसाय सञ्चालन गरिने क्षेत्रः (नगरपालिकाले तोकेको ग्रामीण क्षेत्र) .......................

३. प्रतिवद्धताः

- म मेरो परिवारबाट यो व्यवसायका लागि अनुमति लिने एक मात्र सदस्य हुँ।
- व्यवसाय सञ्चालन गर्दा माईक, लाउडस्पिकर वा ध्वनि प्रदूषण हुने उपकरण प्रयोग गर्ने छैन।
- स्थानीय स्तरमा उत्पादित कृषिजन्य सामग्री मात्र बिक्री गर्नेछु र आयातित जंक फुड बिक्री गर्ने छैन।
- सडक, नाली, फुटपाथ वा सार्वजनिक आवागमनमा अवरोध पुग्ने गरी व्यवसाय सञ्चालन गर्ने छैन।
- नगरपालिकाले तोकेको समयमा मात्र व्यवसाय सञ्चालन गर्नेछु र प्रत्येक वर्ष नवीकरण गराउनेछु।

अतः मापदण्ड बमोजिम आवश्यक प्रक्रिया पुरा गरी मलाई "घुम्ती व्यवसाय दर्ता प्रमाण-पत्र" र "परिचय-पत्र" उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

निवेदकः

नामः ....................................

हस्ताक्षरः ................................

संलग्न कागजातहरूः १. नागरिकताको प्रतिलिपि २. पासपोर्ट साइजको फोटो (२ प्रति)

ठेलामा टाँस्ने "व्यवसाय सञ्चालन प्रमाण-पत्र" को ढाँचा

(अनुसूचि २)

देवचुली नगरपालिका

२ नं वडा कार्यालय, नवलरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश नेपाल

घुम्ती व्यवसाय (ठेला) दर्ता प्रमाण-पत्र

मिति:..............................

दर्ता नं.:........

कूल लगानी:

व्यवसायीको नाम:

वडा नं.: टोल:

मोबाइल न:

बिक्री गरिने सामग्री:.

व्यवसाय बेच्ने साधन-

व्यवसाय क्षेत्र: नगरपालिकाको दलदले, प्रगतिनगर, रजहर, क्याउरेनी, धारापानी बजार बाहेकको क्षेत्र/ग्रामिण क्षेत्र

व्यवसाय संचालनका मुख्य सर्तहरू:

- माईक/लाउडस्पिकर प्रयोग गर्न पूर्ण रुपमा निषेध गरिएको छ।
- स्थानीय उत्पादन मात्र बिक्री गर्नुपर्नेछ।
- सडक/नाली/फुटपाथ अवरोध गर्न पाईनेछौन।
- प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र घुम्ति व्यवसाय नविकरण गरेर मात्र संचालन गर्नुपर्नेछ ।
- यो प्रमणपत्र घुम्ति व्यवसाय गर्ने साधन सँगै टाँस गरी वा साथमै लगि संचालन गर्नुपर्नेछ।

वडा सचिव

(प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर र छाप)

## व्यवसायीको "परिचय-पत्र" (ID Card) को ढाँचा (अनुसूचि ३)

देवचुली नगरपालिका
............नं वडा कार्यालय, नवलरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश नेपाल

### अनुमति प्राप्त घुम्ती व्यवसायी

(व्यवसायीको फोटो)

नाम: ................................................

ठेगाना: ............................

व्यवसायको नाम: ...................................................... दर्ता नं.: ...........................................

सम्पर्क नं.: .......................................

व्यवसाय बच्ने साधन/माध्यम;

प्रमाणित गर्ने: (हस्ताक्षर/छाप)
वडा सचिव

## सामाग्री डेलिभरी गर्ने कर्मचारीको लागी परिचय पत्रको लागी निवेदन ढाँचा

### अनुसूची ४

श्रीमान् वडा अध्यक्ष ज्यू,

.......... नं. वडा कार्यालय,

.......... नगरपालिका, ..........।

विषय: कर्मचारी परिचय पत्र उपलब्ध गराई पाऊँ।

महोदय,

उपरोक्त विषयमा यस ..................................................... (उद्योगको नाम) मा उत्पादित दुग्धजन्य पदार्थ/ब्रेड आइटम/कृषिजन्य सामग्रीहरू नगरभित्र डेलिभरी गर्नका लागि देहाय बमोजिमका कर्मचारी खटाउनुपर्ने भएकाले यो निवेदन पेश गरेको छु।

निज कर्मचारीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र २ प्रति फोटो यसै साथ संलग्न राखिएको छ । नियमअनुसार निजलाई परिचय पत्र उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

**कर्मचारीको विवरण:**

नाम/थर: .............................................................

ठेगाना: ...................................................................

हालको अस्थाई ठेगाना:

नागरिकता नं.: ........................................................

मोबाइल नं:

पद: डेलिभरी कर्मचारी

उद्योगको तर्फवाट,

(दस्तखत)

नाम: .............................

पद: .............................

मोबाइल नं-

उद्योग दर्ता न-

उद्योगको छाप:

वडा कार्यालयले जारी गर्ने परिचय पत्रको ढाँचा

(अनुसूची ५)

देवचुली नगरपालिका

...........नं वडा कार्यालय, नवलरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश नेपाल

फोटोः

कर्मचारी परिचय पत्रः

नामः ..................................................

ठेगानाः -............,..........

व्यवसायको नामः .......................... दर्ता नं.: ..........................................

व्यवसाय/उद्योगधनिकोनामः..............................

.व्यवसाय/उद्योगधनिकोनं;..............................

पदः डेलिभरी कर्मचारी

प्रमाणित गर्नेः

वडा सचिव